स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सन् १९८५ मा निर्माण भएको 'के घर के डेरा'ले नेपाली फिल्मको एउटा कालखण्डको प्रतिनिधित्व गर्छ, जुनबेला रिलबाट फिल्म खिचिन्थ्यो। यसको दोस्रो श्रृंखला 'के घर के डेरा : घर नं २' आगामी जेठ २ गतेबाट प्रदर्शनमा आउँदैछ। साहित्यकार बुद्धिसागरको लेखन रहेको फिल्ममा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासना सिंह ठकुरी, लगायतले अभिनय गरेका छन्।

**आजको विचार...**



उच्च.... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



एउटा फिल्मको सफलताले मात्रै पनि कलाकारको करिअरलाई कुन हदसम्म उठाउँछ भन्ने कुराको ज्वलन्त उदाहरण हुन्, बेनिशा हमाल। उनले डेढ दशक लामो करिअरमा पहिलो हिट फिल्मको रुपमा 'छक्का पन्जा ४' पाएकी थिइन्। यसपछि उनको करिअर नै चम्किएको छ। यतिबेला उनको हातमा लगातार फिल्म परिरहेको छ। र, उनले पनि श्रृंखलाबद्ध रुपमा काम गरिरहेकी छन्।

❒ वर्ष ३० ❒ अंक २६४ ❒ २०८२ वैशाख ७ गते आइतबार 20 April 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भिरबाट लडेर एक पुरुषको मृत्यु



**पाल्पा,** वैशाख ६/जिल्लाको बगनासकाली गाउँपालिका -१ पिपरतुङ्मा भिरबाट लडेर एक पुरुषको मृत्यु भएको छ । स्थानीय ६५ वर्षीय कृष्णबहादुर चिदीको घर नजिकैको भिरबाट लडेर मृत्यु भएको हो । चिदी सोही ठाउँको बेलटारीस्थित पूजामा जान भनेर हिडेको परिवारले जनाएको छ । उनी घर अवेरसम्म पनि नफर्केपछि आफन्तले खोजी दिन भन्दै प्रहरी चौकी बर्तुङ्गमा जानकारी गराएका थिए । चौकीबाट खटेको प्रहरी टोलीसहित स्थानीयहरुले खोजतलास गर्दै जाने क्रममा घरदेखि तीन सय मिटर पश्चिमतर्फ रहेको भिरबाट दुई सय मिटर तल फोक्सिहर खोलामा शनिबार दिउँसो मृत अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पठाइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# वर्षाले किसान उत्साहित

***वर्षाले बारीमा मकै छर्ने तयारीमा रहेका किसानहरु खुसी भएका छन् । पानी नपर्दा मकै छर्न नपाएकाले छर्न पाएको र छरेका मकै खडेरीले सुक्न लागेका बेला वर्षाले किसानलाई राहत मिलेको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख ६/लामो समयको खडेरीपछि वर्षा हुँदा किसान उत्साहित भएका छन् । मकै छर्न तथा अन्य बालीनाली लगाउन तयारी अवस्थामा रहेका पाल्पा र गुल्मीका किसानहरु वर्षा भएपछि उत्साहित भएका हुन् ।

वैशाख लागेसँगै वर्षा हुन थालेपछि यहाँका किसानलाई राहत पुगेको छ । वर्षाले आकासे पानीको भर पाखो बारीमा खेती गरिने मकै, अदुवा, पिँडालु, हलेदो र तरकारी खेतीलाई सहयोग पुऱ्याएको छ । विशेषगरी बारीमा मकै छर्ने तयारीमा रहेका किसानहरु खुसी भएका छन् । पानी नपर्दा मकै छर्न नपाएकाले छर्न पाएको र छरेका मकै खडेरीले सुक्न लागेका बेला वर्षाले किसानलाई राहत मिलेको हो । कुलो, नहर, थोपाइ सिँचाइ माध्यमबाट सिँचाइ हुने जग्गामा पानीको अभाव नभए पनि पाखो बारी, सिँचाइ नलाग्ने जग्गामा लगाएका बाली खडेरीले मर्न लागेका थिए । लामो समय समयसम्म खडेरी पर्दा समय घर्किने पिरमा परेका कृषक हाल पानी परेपछि राहत महसुस गरेको बताएका छन् । चैत



अन्तिमसम्म पनि पानी नपर्दा मकै धेरैले छर्न नपाएकोमा पानी परेपछि पाल्पा, गुल्मीसहित पहाडी जिल्लाका किसानलाई छर्न चटारो छ । हिजो आज वर्षा भएपछि मकै छर्न तथा अन्य बालीनाली लगाउन सहज भएको गुल्मी इस्मा गाउँपालिका-२ का किसान लोकनाथ आचार्यले बताए । उनले भने,"लामो समयको खडेरीपछि पानी परेको छ, अब बारीमा मकै छर्ने तयारी गर्दैछौं ।" सिँचाइका लागि आकासे पानीमा निर्भर रहेका किसानका लागि अहिलेको पानीले खुसी दिएको छ । "बारीमा छर्ने बेला भएको थियो, पानी नपर्दा छर्न पाएका थिएनौं, ढिलाइ भए पनि छर्न पाउने भयौं" पाल्पाको रिब्दीकोट गाउँपालिका सिरुखर्ककी अञ्जु थापाले भनिन् । सुख्खा रहेका खेतबारी वर्षाले अहिले चिस्यान भएको उनले बताईन् । थापाले बारीमा लगाएको तरकारीलाई अहिलेको वर्षाले राहत मिलेकोमा खुसी व्यक्त गरिन् । लामो समयसम्मको खडेरीले खेतबारीमा लगाएका तरकारी समेत फस्टाउन पाएका थिएनन् अब फस्टाउनेमा उनी आशावादी छन् ।

पाल्पा, गुल्मीसहित पहाडी जिल्लाका अधिकांश ठाउँमा मकै लगाउने समय भएकाले पानी परेपछि किसानले त्यसको तयारी गरेका छन् । खेतमा मकै छरिसकेका किसान पनि वर्षा भएपछि बाली सप्रने भन्दै खुसी भएका छन् । अहिले गुल्मी र पाल्पाका अधिकांस बारीमा गहुँ पाकेको छ भने केही ठाउँहरुमा गहुँ, स्याहारेर म कै छर्ने तयारीमा किसान छन् । जिल्लामा सबैजसो ठाउँमा सिँचाइको पर्याप्त व्यवस्था नहुँदा किसानहरु आकासे पानीमा भरपर्नु पर्ने बाध्यता छ ।

## युवतीमाथि गोली प्रहार



**बुटवल,** वैशाख ६/बुटवलमा पाल्पाकी एक युवतीमाथि अज्ञात समूहले गोली प्रहार गरेको छ । बुटवल उपमहानगरपालिका-११ बुद्धनगरमा बस्ने २९ वर्षीया टीका विष्ट क्षेत्रीमाथि शनिबार गोली प्रहार भएको हो ।

उनको कम्मरमाथि गोली लागेको र गम्भीर घाइते भएकाले लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारपछि थप उपचारका लागि युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवा रिफर गरिएको छ । विष्ट पाल्पाको रैनादेवी गाउँपालिका छहराकी भएको बताइएको छ । अहिले उनी बुटवल-११ बुद्धनगर बसी खाजा घर चलाउदै आएको पाइएको छ । बुद्धनगरमै साझेदारीमा होटल सञ्चालन गर्दै आएकी टीकामाथि एक भारतीय नागरिकले बिहान ९ बजेतिर गोली प्रहार गरी फरार भएको हुन सक्ने स्रोतले जनाएको छ । प्रहरीसँगको सामान्य कुराकानीमा घाइते युवतीले आफूलाई केही महिनादेखि सितारे आलम भन्ने भारतीय नागरिकले विवाह गर्न पटक-पटक दबाव दिँदै आएको र गर्न नमाने मारिदिने भन्दै धम्की दिने गरेको बताएकी छन् । यद्यपि घटनाबारे थप अनुसन्धान भइरहेकोले विस्तृत जानकारी अनुसन्धान पछि मात्र पत्ता लाग्ने प्रहरीले जनाएको छ । शनिबार गोली प्रहार गरी फरार भएपछि रुपन्देहीका चारैतर्फका नाका बन्द गरेर खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## सरकारले उठायो तीन खर्ब ६६ अर्ब ऋण

**पाल्पा,** वैशाख ६/सरकारले चालु आर्थिक वर्षको चैत मसान्तसम्म तीन खर्ब ६६ अर्ब नौ करोड ऋण उठाएको छ । चालु आर्थिक वर्षमा कूल पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा सरकारले चैत मसान्तसम्ममा उक्त रकम बराबरको ऋण उठाएको हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको २०८१ चैत मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड थियो भने पछिल्लो नौ महिनामा दुई खर्ब ३३ अर्ब १७ करोड ऋण थपिएको छ । यसरी चैत मसान्तसम्ममा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब २६ करोड पुगेको कार्यालयले जनाएको छ । सरकारले नौ महिनामा साढे दुई खर्बभन्दा बढी साँवा-ब्याज तिरेको छ । "चैत मसान्तसम्ममा सार्वजनिक ऋण




कूल ग्राहस्थ्य उत्पादन (जिडिपी) को अनुपातमा ४६ दशमलव ७५ प्रतिशत हुन आउँछ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव १९ र आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ८१ प्रतिशत छ", प्रतिवेदनमा भनिएको छ । मुलुकको हालसम्मको कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब एक अर्ब ९४ करोड र बाह्य ऋण दायित्व रू १३ खर्ब ६५ अर्ब ३२ करोड बराबर छ । चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म सरकारले दुई खर्ब ९१ अर्ब १४ करोड आन्तरिक ऋण उठाएको हो भने रू ७४ अर्ब ९५ करोड बाह्य ऋण उठाएको हो । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको आन्तरिक ऋणको प्राप्ति ८८ दशमलव २२ प्रतिशत र बाह्य ऋणको प्राप्ति ३४ दशमलव ५४ प्रतिशत बराबर हो । यस आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ३० अर्ब आन्तरिक ऋण र रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने लक्ष्य राखेको छ । सार्वजनिक ऋण निरन्तर बढ्दै गएसँगै त्यसको साँवा-ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको छ । चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा मात्रै करिब साढे दुई खर्बभन्दा बढी रकम साँवा ब्याज भुक्तानीमा खर्च भएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## बजेट अधिवेशनबाट अपेक्षा

**सङ्घीय संसद्को बजेट अधिवेशन वैशाख १२ गतेदेखि प्रारम्भ हुँदैछ । हिउँदे अधिवेशन अन्त्य भएको केही सातामै बजेट अधिवेशन आह्वान गरिएको छ । शिक्षा तथा निजामती सेवा विधेयक चाँडो पारित गर्नुपर्ने आवश्यकता अनुसार नै बजेट अधिवेशन तत्काल आह्वान गर्न सरकारले तदारुकता देखाएको हो ।**

**राष्ट्रपति राष्ट्रपति रामचन्द्र पौडेलबाट संसद्का दुवै सदनमा सङ्घीय सरकारको वार्षिक नीति र कार्यक्रम प्रस्तुत गर्नु बजेट अधिवेशनको मूल कार्यसूची हो । त्यसअघि नै नयाँ आर्थिक वर्षका निम्ति बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी मार्गनिर्देश गर्ने दायित्व पनि विधायिकामाथि छ । त्यसै गरी प्रत्येक नयाँ आवका निम्ति सङ्घीय सरकारको आयव्ययको विवरण अर्थात् बजेट सङ्घीय संसद्को संयुक्त बैठकमा प्रत्येक वर्षको जेठ १५ गते प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । नेपालको संसदीय पद्धतिमा सामान्यतया हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा र बर्से अधिवेशनलाई बजेट अधिवेशनका रूपमा लिने गरिन्छ । अहिले सडकमा देखिएको शिक्षक आन्दोलनलगायतका कतिपय समस्या समयमा विधि निर्माण हुन नसकेका कारण पनि देखा परेका छन् ।**

**सङ्घीयता कार्यान्वयनको इन्जिन मानिने निजामती सेवा विधेयक पनि बर्सौंदेखि अलमलमा परेको छ । यी विधेयक विधायिकामै विचाराधीन छन् । यी यावत् परिवेशमा बजेट अधिवेशन हुँदै छ । बजेट अधिवेशनमा सरकारले प्राथमिकतासाथ दुई विधेयक अगाडि बढाउने तयारी सर्वाधिक महत्वको छ । शिक्षक आन्दोलन सम्बोधनका लागि विद्यालय शिक्षा विधेयक पारित बजेट अधिवेशनको आरम्भमै गरिनुपर्ने छ । अर्कोतर्फ सङ्घीयता कार्यान्वयनको कडी निजामती सेवा विधेयक राज्यव्यवस्था तथा सुशासन समितिमै छ । समिति अन्तर्गतको उपसमितिले तयार पारेको विधेयकको प्रतिवेदन समितिमा पेस भए पनि थप छलफल भएको छैन । विधेयक चाँडो पारित गर्न माग गर्दै निजामती कर्मचारीको सरकारलाई दबाब छ । आन्दोलनले चेतावनीसमेत दिएको सन्दर्भलाई विधायिकाले गम्भीर तवरले मनन गर्नु उचित हुन्छ । त्यसै गरी सङ्घीय संरचनाको प्रहरी सङ्गठनका दुई विधेयक पनि विचाराधीन छन् । सरकारको प्राथमिकतामा प्रहरी विधेयक हुनु स्वाभाविक छ । यति मात्र होइन, हिउँदे अधिवेशनले सम्पादन गर्न नसकेका २० भन्दा बढी विधेयक विभिन्न चरणमा विचाराधीन छन् । बजेटसम्बद्ध जिम्मेवारीसँगै अत्यावश्यक सबै जसो विधेयक आउँदो अधिवेशनमा जतिसक्दो चाँडो पारित हुने आमअपेक्षा छ । तसर्थ सोही अनुसार संसदले काम गर्न जरुरी छ ।**

## Opinion @ Social Network

छाडिदेऊ मित्र प्रेमका कुरा, लक्ष्यमा ध्यान देऊ
ताकि पछि टुटेको मन होइन जोडिएको भविष्य मिलोस् ।
*(तारा देवकोटाको फेसबुकबाट https://www.facebook.com.Tara.123)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उच्च शिक्षामा कमजोर भयो देश



डा. गणेशप्रसाद घिमिरे

*उच्चशिक्षाको हालत र वर्तमान नेपालको शिक्षा नीतिको अवस्था यही नै छ । राजनीतिले समाजका व्यक्तिलाई सचेत गराउने हो । गराएको पनि छ । आरक्षणका नाममा जागिर पाइएको छ । आफ्नालाई काखा गर्ने नाममा योग्यता हेरिएको छैन । आफू र आफ्नालाई पुग्ने सम्पत्ति कमाउन राजनीति गर्ने व्यक्तिले शिक्षामा भएको ठाडो हस्तक्षेपलाई रोक्ने प्रयास पनि गर्दैन । राजनीतिक दलहरूका संयन्त्र नै फलानो विश्वविद्यालयमा फलानो राजनीतिक दलको व्यक्ति उपकुलपति हुनेभन्ने निर्णय गरेर फर्कन्छ । शिक्षामन्त्रालय निवेदन माग्छ ।*

विकसित, विकाशशील, विकासोन्मुख देशको मौलिक आधार शिक्षा हो । शिक्षाका माध्यमबाट नै देशविकासको रेखा कोरिएको हुन्छ । त्यसैले शिक्षालाई देश विकासको आधार मानिएको हो । यही आधारमा टेकेर नै देशले विकास गरेको हुन्छ । समाजका हरेक क्रिया र निरन्तर हुने विकासलाई शिक्षाले गतिशील तुल्याएको हुन्छ । अत: शिक्षालाई देश विकासको आधार मानिएको हुन्छ । शिक्षाबाट देशमा रहेका बालबालिकाको भविष्य कोरिने हुनाले शिक्षालाई नै देश उन्नतिको आधार मानिएको हुन्छ । शिक्षा भएन भने देशविकासको मार्गचित्र कमजोर हुने हुनाले यसलाई नै मुख्य आधार मानिएको छ । शिक्षामा सम्पन्न र देश सुहाउँदो शिक्षा दिएर गतिशील बनेका देशहरू विकासका खुड्किला पार गर्न सफल भएका छन् । ती देशहरू हामी जस्तै लाचार भने छैनन् । समाजलाई गति दिने र भविष्यलाई सुरक्षित बनाउने आधार शिक्षालाई मानिएको हुन्छ । शिक्षाको समग्र विकास नै देश विकासको पहिलो पहिचान हो । यही पहिचानका आधारमा शिक्षाले गति लिएको हुन्छ । विकसित मुलुकले शिक्षाको सही पहिचान अनुसार विश्वविद्यालयको स्थापनामा आफूलाई उतारेका हुन्छन् । उनीहरूको नीतिले देशलाई मात्र होइन देश विकासको आधारलाई पहिचान बनाएर संसारमा आफू बस्ने देश र देशवासीको पहिचान शिक्षाका माध्यमबाट नै माथि उठाएको हुन्छन् । त्यसैले शिक्षाको मूल आधार भनेको नै मानिसको जीवन जिउने आधार हो । यही आधारमा व्यक्ति, परिवार, समाज र देशले काँचुली फेर्ने गरेको हुन्छ । शिक्षाको विकास उन्नत देश र देशवासीको पहिचान हो भन्नु नै सही ठहरिनेछ ।

**पलायन भयो जनशक्ति :** गणतन्त्रमा प्रवेश गरेको पनि लगभग बीस वर्ष हुन लाग्यो । गणतन्त्रको प्रवेशसँगै नेपाल सात प्रदेशमा विभाजन हुनपुगेको छ । यी सात प्रदेश अधिकार सम्पन्न छन् । उनीहरूलाई विश्वविद्यालय खोल्ने आधार कानुनमा टेकेर दिइएको छ । प्रत्येक प्रदेशमा विश्वविद्यालय हुनुपर्दछ भन्ने आवाज उठिरहेका छन् । दक्ष जनशक्ति उत्पादन प्रदेशको जिम्मेवारी पनि हो भन्ने भावनालाई सै, प्रदेश र पालिकाले अनुभव गरेका छन् । त्यसैले स्थानीय सरकारले स्थानीय शिक्षालाई प्राथमिकतामा राखेर अघि बढेको देखियो । स्थानीय सरकारले स्थानीय विद्यालयलाई शैक्षिक पात्रोका माध्यमबाट शिक्षा दिन र आफूलाई खरो रूपमा उतार्न सफल बनाएका पनि छन् । तर, स्थानीय सरकार निजी विद्यालयले लिने शुल्कमा भने मौन देखिएका छन् । सरकारी विद्यायलमा स्थानीय निकायको पहल गतिशील बनेको छ र कतिपय पालिकाले शिक्षालाई सुधारको बाटोमा ल्याएका पनि छन् । स्थानीय सरकारले विद्यालय पढाउने शिक्षकलाई इज्जत, सम्मान दिन नसकेको गुनासो नआएका पनि होइनन् । तर स्थानीयतहले विद्यालयीय शिक्षालाई गतिलो तरिकाले व्यवस्थापन गरेका तर्कमा सही थाप्न सकिन्छ । विद्यालययीय शिक्षा पाएको शिक्षार्थी उच्च शिक्षाको अध्ययनमा सफल हुन सकेको देखिँदैन । पचहत्तर प्रतिशत विद्यालय अध्ययन गरेका विद्यार्थी विदेश पलायनमा आफूलाई उतारेका छन् । विदेश जानका लागि विद्यार्थी दुई वा तीन वर्ष कुर्न सक्छ तर उच्चशिक्षा अध्ययनका लागि विश्वविद्यालयमा प्रवेश गर्न रुचाउँदैन किन ? अध्ययन आफैँमा ज्ञान हो । अध्ययन बोझ होइन । ज्ञानको क्षेत्र फराकिलो भएमा आफू संसारमा बिक्न सकिन्छ भन्ने आधार नेपालका विश्वविद्यालयले दिन सकेका छैनन् । उच्चशिक्षाको अध्ययनमा समर्पित विद्यार्थी आफूलाई नै विश्वासिलो वातावरण दिन असफल भएको देखिन्छ । सफलता बाटो हो । सफलता आफूलाई सक्षम बनाउने आधार हो तर उच्च शिक्षा अध्ययनमा समर्पित भएको विद्यार्थी पनि आफूलाई सक्षम बनाउन सफल भएको देखिँदैन । दश जोड दुई अध्ययन गरेर उसले आफूलाई विदशी भूमिमा उतार्ने प्रयास गरेको हुन्छ । विदेशको प्रवेशाज्ञा नपाए स्नातक अध्ययनतर्फ आफूलाई समर्पित गर्ने प्रयास गरेको हुन्छ । स्नातक अध्ययनको समयमा पनि प्रवेशाज्ञा नपाएमात्र ऊ उच्चशिक्षामा समर्पित बनेको हुन्छ । उच्च शिक्षा पाएको व्यक्तिले आफूलाई र आृनो अध्ययनलाई देशमा सुरक्षित देख्दैन । अन्तत: पलायनको बाटो रोजेको हुन्छ विदेशी भूमिका लागि । विद्यावारिधि वा अन्य विषयमा स्नातकोत्तर अध्ययनको बाटो उसको पहिचान बनेर आएको हुन्छ । यही छ नेपालमा उच्चशिक्षाको अवस्था । देशले प्रतिवर्षको बजेट वक्तव्यमा नयाँ विश्वविद्यालयको अवधारणामा आफूलाई उतारेको हुन्छ । अध्ययन गर्ने जनशक्ति पलायन भइरहेको छ । यस अवस्थाबाट छुट्कारा पाउन देशले कहिले सक्ला ? कसैलाई पनि यसको उत्तर थाहा छैन ।

राजनीतिको रोटी सेक्ने हाम्रो देशका नागरिकले आफूलाई सम्पन्न नागरिकका रूपमा स्वीकार गरेको छ । देशको अवस्था दिनप्रतिदिन कमजोर छ । अध्ययन गरेको दक्ष जनशक्तिलाई देशको राजनीतिले रोक्न सकेको छैन । गणतन्त्र आफैँमा सफल शासन प्रणाली हो । यही गणतन्त्रले सबैभन्दा बढी दक्ष जनशक्तिलाई विदेशीभूमिमा पठायो किन ? उत्तरको अपेक्षा हामी सबै नेपालीले खोजका छौँ । गणतन्त्रको शिक्षा कमजोर हो ? शिक्षा दिने गुरु कमजोर हो ? विद्यालय पठाउने अभिभावक कमजोर हो ? कमजोर को हो ? खोज्नु आवश्यक छ । यदि यो कमजोरी खोजिएन भने नेपालका विश्वविद्यालय विद्यार्थीको अभावमा सुनासान भएर खडा हुनेछन् । यो नियति हाम्रो देशले भोग्नुपर्नेछ समयमा सचेत भएनौँ भने ।

**हस्तक्षेप रोकौँ :** हाल केही दिन पहिले त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले राजीनामा दिए । राजीनामा दिएको केही समयपछि विश्वविद्यालयका कुलपति ( प्रधानमन्त्री) ले राजीनामा स्वीकृत गरेका छन् । उपकुलपति स्वाथ्यलाई कारण देखाउँछन् तर भित्री रहस्य कुलपति, सैसङ्गठनको दबाबका साथै कुलपतिको ठाडो हस्तक्षेपलाई कारण बताउँछन् । सत्य राजीनामा दिने र राजीनामा स्वीकार गर्नेलाई मात्र थाहा होला ? यो विश्वविद्यालयमा देखापरेको राजनीतिको चरम दूरावस्था हो । विश्वविद्यालय पाठ्यक्रम, नीति, परीक्षाको निर्धारित समय र परीक्षाफल प्रकाशित हुने निश्चित पात्रोका आधारमा चल्नुपर्ने हो तर नेपालमा त्यसो हुनसकेन । योग्य क्षमतावान् व्यक्ति नियुक्त गर्ने भनेर विज्ञापन आउँछ । प्राध्यापक जस्तो गरिमा बोकेको व्यक्ति लामबद्ध भएर आफूलाई योग्य ठानेर दरखास्त दिन लागेको हुन्छ । उसले अन्तर्वार्ता दिने समय नजिकिँदै जाँदा निरास भएर बाहिर आउँछ र आफूलाई नै धिक्कारयोग्य ठान्दछ । योग्य होला, क्षमतावान् पनि होला, विश्वविद्यालय सुधार गर्न पनि सक्ला ? तर ऊसित आफूलाई त्यहाँ लैजाने राजनीतिक दलको प्रमुखको साथ छैन । निरास भएर आउँछ र आफूलाई लज्जाबोध भएको महसुस गर्दछ । यही छ हाम्रो देशको उच्चशिक्षाको अवस्था र देशले भोगेको विडम्बना पनि । यही विडम्बनाको अस्तित्वमा घुस्रिएको छ मानवमस्तिष्क र त्यसले अपनाउने आधार । आफूलाई योग्य मानेका प्राध्यापक लाचार भएर बाहिरिन्छ र हराउँछ भीडमा । आफूलाई सत्तोसराप गर्छ किन राजनीतिमा सक्रिय नभएको भनेर ? अनुसन्धान, खोज र अन्वेषणमा हराएको एउटा प्राध्यापक राजनीतिको खोल ओडेर भित्रिएको व्यक्तिसित हारेर थकित बनेको हुन्छ ।

उच्चशिक्षाको हालत र वर्तमान नेपालको शिक्षा नीतिको अवस्था यही नै छ । राजनीतिले समाजका व्यक्तिलाई सचेत गराउने हो । गराएको पनि छ । आरक्षणका नाममा जागिर पाइएको छ । आफ्नालाई काखा गर्ने नाममा योग्यता हेरिएको छैन । आफू र आफ्नालाई पुग्ने सम्पत्ति कमाउन राजनीति गर्ने व्यक्तिले शिक्षामा भएको ठाडो हस्तक्षेपलाई रोक्ने प्रयास पनि गर्दैन । राजनीतिक दलहरूका संयन्त्र नै फलानो विश्वविद्यलायमा फलानो राजनीतिक दलको व्यक्ति उपकुलपति हुनेभन्ने निर्णय गरेर फर्कन्छ । शिक्षामन्त्रालय निवेदन माग्छ । यसरी नियुक्त भएका व्यक्ति र तिनले चलाएको विश्वविद्यालयमा अध्ययनको कुटिरो बोकेर कसरी विद्यार्थी यो देशमा उभिन्छ । सोच्ने बेला भएन र ? हस्तक्षेपले थलिएका विश्वविद्यालयका उपकुलपतिले दलका श्रेष्ठ व्यक्तिको मुख ताकेर आदेश पर्खिरहेको हुन्छ । विश्वविद्यालय स्वायत्त संस्था हुन् तर नेपालको हकमा त्यो लागू हुनसक्दैन । राजनीतिक दलको कार्यकर्ता नियुक्त भएको उपकुलपतिसित विश्वविद्यालय हाँक्ने क्षमता छैन । ऊसित शैक्षिक पात्रो निकाल्ने क्षमता पनि छैन । विद्यार्थीलाई जिम्मेवार बनाउन सक्ने आधार छैन । विद्यालयीय शिक्षा पाएको भर्खरको युवा यो देशमा देखापरेको शिक्षानीतिमा रोइरहेको हुन्छ । स्वायत्तलाई स्वतन्त्र रूपमा चल्ल नदिने राजनीतिक दलका नेता, तिनै राजनीतिक दलका विद्यार्थी, प्राध्यपक तथा कर्मचारी संगठनका नाइके र तिनले बोकेको राजनीतिक पहिचानले विश्वविद्यलाय अध्ययन गर्न चाहने युवा पलायन भएको छ । देशको उच्चशिक्षालाई कमजोर नबनाऊँ । सुधार गरौँ । अध्ययनका नाममा बाहिरिने युवाशक्तिलाई राखौँ । उसलाई स्वदेशमा राखौँ । राजनीतिक हस्तक्षेपले थलिएको उच्चशिक्षालाई सुदृढ बनाऔँ । राजनीति होइन प्राज्ञिक मर्यादा हेरौँ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२१११९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पराक्रम तपाईंको कार्यक्षेत्रमा झल्किने छ।निर्णय लिने क्षमतामा वृद्धि हुनेछ। | **तुला** : सुख र धनको प्राप्ति हुनेछ। आफन्त वा मित्रहरूको सहयोग मिल्नेछ। |
| **वृष** : कार्यक्षेत्रमा राम्रो निर्णय दिन सक्नुहुनेछ। कार्यहरू सम्पादन हुनेछन्। | **वृश्चिक** : चिन्ता नगरी कार्य गर्नुहोस् सफलता पाउनुहुनेछ। नयाँ सम्पर्कबाट लाभ मिल्नेछ। |
| **मिथुन** : उत्साह मा वृद्धि हुनेछ। कुनै विवाद चलिरहेको थियो भने सुल्झिनेछ। | **धनु** :नयाँ योजनाहरूको सुरुवात गर्ने समय रहेको छ। भ्रमणको कोरूपरेखा बन्नेछ। |
| **कर्कट** : प्रशासनिक क्षेत्रमा सफलता मिल्नेछ। स्वास्थ्यले साथ दिनेछ। | **मकर** : नयाँ सम्पर्कहरूबाट लाभ मिल्नेछ।बौद्धिक क्षमताको विकास हुनेछ। |
| **सिंह** : व्यापार व्यवसायमा लाभ रहनेछ। भावनात्मक सम्बन्ध सुमधुर रहनेछ। | **कुम्भ** : शुभचिन्तकको सलाह लिनुहोस्। स्वास्थ्यमा खानपिनको ध्यान राख्नुहोला। |
| **कन्या** : स्वास्थ्य समस्याले मन अशान्त र हनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **मीन** : पारिवारिक वातावरण सुखमय र हनेछ। यात्रा गर्दा स्वास्थ्यलाई ध्यान दिनुहोस्। |

# कृषि

## आधुनिक कृषि पेशातर्फ आकर्षित



रौतहटमा महिला कृषकहरु आधुनिक कृषितर्फ सक्रिय हुन थालेका छन् । परम्परागत रूपमा घरेलु काम र खेतको सामान्य श्रम सम्म सीमित रहँदै आएका मधेशी समुदायका महिलाहरू अब आधुनिक कृषिमा सक्रिय भूमिका खेल्न थालेका छन् । रौतहटका महिला कृषकहरू न केवल खेतमा काम गरिरहेका छन् उनिहरुले हाते ट्याक्टर चलाउँदै खेत जोत्ने काम पनि स्वयंले गर्न उत्प्रेरित भएका छन् । खेतीको लागि पुरुषहरु मात्रै ट्याक्टर चलाएर खेत जोत्दै आएकामा जिल्लाको राजपुर नगरपालिकार चद्रपुर नगरपालिकामा पछिल्लो समय महिलाहरूले कृषि मेसिन चलाउने तालिमलिई स्वयं आत्मनिर्भर बन्दै आफै खेत समेत जोत्न थालेका छन् । 'पहिला पहिला हामी खेतमा झार काट्थ्यौं, घरका काममै सिमित हुन्थ्यौं र खेतमा एउटा सहयोगीको रुपमा मात्रै काम गर्दै आएकोमा अब आफै हाते ट्याक्टर चलाएर खेत समेत जोत्न थालेका छौं,' राजपुर नगरपालिका वार्ड नम्बर १ भगवानपुरकी ३४ वर्षीया कृषक सावित्री देवीले भने । यसले आफुहरुको आत्मविश्वास बढाएको सावित्री देवीको भनाइ छ । सावित्री देवीलाई स्थानीय स्तरमा विभिन्न क्षेत्रमा कामगर्दै आएको गैरसरकारी संस्था ग्रामिण विकाश केन्द्र नेपालको पहलमा एक निजी कम्पनीले हाते ट्याक्टर संचालन सम्बन्धि तालिम दिएको थियो । स्थानिय महिलाहरु सहयोगीको रुपमा कृषि कार्य गर्दै आएकोमा अब स्वयं आत्मनिर्भर बन्दै खेतमा गरिने सम्पुर्ण काम आफै गर्दै आएका छन् । यस्ता महिलाहरूको संख्यामा बिस्तारै वृद्धि भइरहेको देख्न सकिन्छ । सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोगमा तालिमहरू सञ्चालन हुँदै आएकाले धेरै महिलाहरूले अब कृषि पेशालाई व्यवसायिक रूपमा अंगाल्न थालेका छन् । राजपुर वार्डनम्बर ५ का मरछिया देवीले ट्याक्टर चलाउन पाउँदा हर्षित देखिएका छन् । महिला पनि सक्षम छन् भन्ने देखाउन पाउँदा आफुलाई गर्व लागेको भन्दै गाउँमा सबैले आफुलाई देखेर हौसला लिने गरेको उनि बताउन्छन् । कृषि क्षेत्रमा महिलाको सहभागिता बढ्दा उत्पादनमा समेत सुधार देखिने विस्वास गरिएको छ । स्थानीय तहबाट प्राप्त सहयोग, महिला मैत्री कार्यक्रमहरू र आधुनिक कृषि उपकरणाहरूको पहुँचले मधेशी महिलाहरूको जीवनशैलीमा साकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको लैंगिक हिँसा न्यूनीकरण परियोजनाका कार्यक्रम प्रबन्धक धर्मेन्द्र कुमार साहले हिमालय टाइम्सलाइ जानकारी गराए । रौतहट जिल्लामा महिला शसक्तिकरण तथा लैंगिक हिँसा न्यूनीकरण गर्ने उदेश्यका साथ ग्रामिण विकास केन्द्र नेपाल राजपुर र चन्द्रपुर नगरपालिकाहरुमा कार्य गर्दै आएको छ ।

*-इहिमालय टाइम्स डटकम*

## सुन्तला, कागती फलफूल सिकाइ केन्द्र स्थापना



रामप्रसादराई गाउँपालिका-६ स्थित वैकुन्ठेमा 'सुन्तला, कागती फलफूल' सिकाइ केन्द्र स्थापना गरिएको छ । व्यावसायिक सुन्तला तथा फलफूलखेतीमा लागेका किसानलाई खेती प्रविधिको विषयमा अभ्यासमूलक सीप दिन यहाँ सिकाइ केन्द्र स्थापना गरिएको हो । वैकुन्ठे क्षेत्र सुन्तलासँगै फलफूलखेतीका लागि उपयुक्त रहेकाले वडाले बजेट विनियोजन गरेर सिकाइ केन्द्र स्थापना गरेको रामप्रसादराई-६ का वडाध्यक्ष एकराज आचर्यले बताए । किसानलाई बाहिरका बिरुवाभन्दा पनि यहीको हावापानी, भूगोल, माटो सुहाउँदो सुन्तलाका बिरुवा उत्पादन गर्ने लक्ष्यले नर्सरी स्थापना गरिएको वडाध्यक्ष आयर्चले बताए । गत आर्थिक वर्षमा वडाले रु एक लाख ५० हजार बजेट विनियोजन गरेर केन्द्र स्थापना गरेको उनको भनाइ छ । 'वैकुन्ठेका अधिकांश किसानले व्यावसायिक सुन्तलासँगै फलफूलखेती गरिरहेका छन', वडाध्यक्ष आचार्यले भने, 'कतिपय किसानलाई सुन्तला तथा फलफूलखेतीसम्बन्धी सामान्य जानकारी नहुँदा समस्या पनि देखिन्छ । किसानलाई सुन्तला, कागतीलगायत खेती प्रणालीको विषयमा प्रयोगात्मक रूपमा जानकारी दिन सिकाइ केन्द्र स्थापना गरेका हौँ ।' केन्द्रमा किसानको सक्रियतामा सुन्तला नर्सरीसमेत स्थापना गरिएको छ । दुईवटा टनेलमा सुन्तलाका बिरुवा उत्पादन गरिएको स्थानीय राजेन्द्रकुमार राईले बताए । नर्सरीमा उत्पादन भएका बिरुवा किसानलाई वितरण गरिने उनको भनाइ छ । आफ्नै ठाउँमा सिकाइ केन्द्रबाट सुन्तलासँगै फलफूलखेतीको विषयमा आवश्यक प्राविधिक ज्ञान लिन सहज भएको उनले बताए । 'सिकाइ केन्द्रमार्फत हामीले सुन्तलाका बिरुवा पनि उत्पादन गरेका छौँ', उनले भने, 'हामीले कृषि प्राविधिकको प्रत्यक्ष निगरानीमा खेती प्रविधिको विषयमा जानकारी लिन पाएका छौँ । सुन्तला, कागतीमा रोग, कीरा देखिएमा कसरी निराकरण गर्ने भन्ने पनि सिक्ने अवसर पाएका छौँ । सिकाइ केन्द्रबाट अभ्यासमूलक ज्ञान लिन सहज छ ।' सिकाइ केन्द्रका माध्यमबाट किसानलाई खेती प्रविधिको विषयमा जानकारी दिने कार्य भइरहेको गाउँपालिका कृषि शाखा प्रमुख धिरज ठाकुरले बताए । किसानलाई सिकाइ केन्द्रमा बोलाएर अभ्यास गराएर नै खेती प्रविधिका बारेमा जानकारी दिने गरिएको उनको भनाइ छ । 'किसानलाई बढी मात्रामा लाग्ने रोग, कीरा प्रकोप र खेती प्रविधिका बारेमा जानकारी दिन्छौँ", उनले भने, 'एकसाथ अभ्यास गराएर सिकाइने भएकाले कार्यक्रम किसानका लागि उपयुक्त देखिएको छ ।' *-रासस*

डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु
  बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग
  नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक
  प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन
  आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

## खाद्यान्न भाउले उपभोक्ता थिचिएको वर्ष ०८१



नयाँ बानेश्वरको एक रेस्टुरेन्टमा वेटर काम गर्छिन् जुना खड्का । उनका श्रीमान दिलकुमार पुरानो बानेश्वरको अर्को रेस्टुरेन्टमा सेफ छन् । उनीहरूका ३ छोराछोरी छन् । ४ वर्षअघि छोराछोरीलाई राम्रो शिक्षादीक्षा र जीवनशैली दिन भन्दै रामेछापबाट काठमाडौं आएका थिए । दुवै श्रीमान-श्रीमतीको कमाइ जोड्ने हो भने मासिक ६० देखि ६५ हजार रुपैयाँ मात्रै पुग्छ । तर, त्यो कमाइले ५ जनाको परिवार धान्न मुस्किल परेको छ । कारण हो- पछिल्लो समयको महँगी । वितेको २०८१ सालमा अचाक्ली बढेको महँगीले काठमाडौंको जीवनयापन असहज बन्दै गएको जुना बताउँछिन् । दैनिक उपभोग्य अत्यावश्यक वस्तुको मूल्यवृद्धि बढ्दै जान थालेपछि घर खर्च कसरी धान्ने भन्ने चिन्ताले सताएको छ उनलाई । 'पहिले त जेनतेन घर खर्च चलेको थियो, अहिले दैनिक बढेको महँगीले सामान छोइ सक्नु छैन,' जुनाले अनलाइनखबरसँग दुःखेसो पोखिन्, 'कमाइ बढ्दैन, खर्च बढेको बढ्यै छ ।' महँगीले ५ जनाको खर्च धान्नै मुस्किल परेको उनले सुनाइन् । 'महँगीले बच्चाको स्कुल फिस तिर्न, दाल-चामल, तेल किन्न र घर भाडा तिर्न धौधौ भइरहेको छ,' उनले भनिन्, 'कसलाई सुनाउनु यो समस्या ? गरिबले यो देशमा बाँच्न नपाउने स्थिति भइसक्यो ।' विभिन्न सञ्चारमाध्यममा केही उपभोग्य वस्तुको मूल्य घटेको समाचार प्रकाशित भए पनि आमउपभोक्ताले भने घटेको मूल्यमा सामान किन्न नपाएको जुनाले गुनासो गरिन् । 'मूल्य तय गर्ने संघसंस्थाले मूल्य घटेको सूची सार्वजनिक गरे पनि होलसेल र खुद्रामा पनि हामीले घटेको मूल्यमा सामान किनेर राहत महसुस गर्न पाइएन,' उनले भनिन् । उनले सुनाए जस्तै पछिल्लो समय खाद्यान्न, तरकारी लगायत दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भइरहेको छ । अहिले चामल, दाल, गेडागुडी, चिनी, तेल, पिठो, तरकारी लगायत खानेकुराको उपभोक्ताले किन्ने मूल्यमा बह्ट मलुट छ । ठूला व्यापारीले गोदाममा सामान थुपारेर राख्ने र डलरको भाउ बढ्नासाथ सामानको मूल्य बढाएर बेच्ने गरे पनि उनीहरूमाथि अनुगमन पनि नहुने खुद्रा व्यापार संघको आरोप छ जुना जस्तै हरेक उपभोक्ताले महँगीको चर्को मार खेप्नुपरेको छ । दैनिक ज्यालादारीमा काम गरेर कमाएको पैसाले परिवार पाल्नुपर्ने हरेक उपभोक्ताको पनि अवस्था उस्तै छ ।

'२०८१ सालमा अचाक्ली मूल्यवृद्धिले थिच्यो, कमाएको पैसा बचत पनि गर्न सकिएन,' जुनाले भनिन्, 'नयाँ वर्ष सरकारले हामीजस्ता निम्न आय भएका सर्वसाधारणलाई राहत पुग्ने गरी मूल्यवृद्धि नियन्त्रण गरिदिए बाँच्न सजिलो हुन्थ्यो ।' **उपभोग्य वस्तुमा औसत १० प्रतिशत मूल्यवृद्धि :** गएको एक वर्ष अवधिमा सबैजसो उपभोग्य वस्तुको भाउ औसतमा १० प्रतिशतसम्म महँगिएको नेपाल खुद्रा व्यापार संघको तथ्यांकले देखाउँछ । संघका महासचिव अमुलकाजी तुलाधर एक वर्षमा हरेक उपभोग्य वस्तुको मूल्य विश्लेषण गरेर हेर्दा मूल्य घटबढ भइरहेको बताउँछन् । उनका अनुसार कुनै पनि वस्तुको मूल्य एकनास नहुने र परिवर्तन भइरहने हुँदा ठ्याक्कै यति नै बढ्यो र घट्यो भन्न सकिने अवस्था छैन । 'मूल्य भनेको कहिले घट्छ, कहिले बढ्छ,' महासचिव तुलाधरले अनलाइनखबरसँग भने, 'पहिला चामलको भाउ अत्यधिक बढेको थियो, अहिले केही घटेको छ, सबैभन्दा बढी मूल्य बढेको तेलको भाउ पनि अहिले घटेको छ । मूल्यका विषयमा ठ्याक्कै यही भन्ने नै हुँदैन ।' समग्रमा हेर्दा ५ देखि १० प्रतिशत मूल्यवृद्धि देखिएको उनी बताउँछन् । महासचिव तुलाधरका अनुसार उपभोग्य वस्तुको मूल्यवृद्धिको कारण अन्तर्राष्ट्रिय बजार पनि रहेको छ । 'मूल्यवृद्धिको कारण आपूर्ति कम भएर पनि हुन सक्ने भयो, उत्पादन कम हुँदा पनि मूल्य बढ्ने हुन्छ,' उनी भन्छन्, 'आपूर्ति बढी हुँदा मूल्य घट्ने भयो । यसकै सेरोफेरोमा बजार भाउ निर्धारण हुने हो । अर्को, आयातित सबै सामान डलरबाट किन्ने हो । डलरको भाउ बढ्दा सामानको मूल्य बढ्छ ।' सरकारको अनुगमन फितलो हुँदा पनि तोकिएको मूल्यमा वस्तु बिक्री नहुने गरेको उनको भनाइ छ । ठूला व्यापारीले गोदाममा सामान थुपारेर राख्ने र डलरको भाउ बढ्नासाथ सामानको मूल्य बढाएर बेच्ने गरे पनि उनीहरूमाथि अनुगमन पनि नहुने उनको आरोप छ ।

**२०८१ मा खाद्यान्न भाउको नालीबेली :** खुद्रा व्यापार संघको तथ्यांक अनुसार २०८१ वैशाख पहिलो साता त्रिशूली पोखरेली चामलको भाउ किलोको १ सय ५ रुपैयाँ थियो । साउन पहिलो साता आउँदा १० रुपैयाँ बढेर १ सय १५ पुग्यो । त्यस्तै स्टिम जिरा मसिनो चामल वैशाखमा प्रतिकिलो मूल्य ९५ देखि १ सय रुपैयाँ थियो । सोही चामलको मूल्य साउन पहिलो साता आइपुग्दा किलोमा १५ रुपैयाँले बढेर १ सय ५ पुगेको थियो । लङग्रेन बास्मती चामल प्रतिकिलो १ सय ७५ रुपैयाँ थियो । सोही चामल साउन पहिलो साता आइपुग्दा १० रुपैयाँ बढेर १ सय ८० पुगेको थियो । १५ कात्तिकमा ९० रुपैयाँ किलो पर्ने स्टिम जिरा मसिना चामलको मूल्य फागुन १ मा ८ रुपैयाँ वृद्धि भएर ९८ रुपैयाँमा किनबेच भएको थियो । फागुनबाट चैतमा आइपुग्दा भने स्टिम जिरा मसिनो चामल प्रतिकिलोमा ३ रुपैयाँ घटेर ९ **गुडी:** जेठ पहिलो साता प्रतिकिलो २ सय ३० रुपैयाँ रहेको रहर दाल साउन पहिलो साता आइपुग्दा ९० रुपैयाँ बढेर ३ सय २० रुपैयाँ पुग्यो । सेतो केराउ प्रतिकिलो १ सय ४० बाट २५ बढेर साउनमा १ सय ६५ रुपैयाँ पुग्यो । हरियो केराउको मूल्य १ सय ४० हुँदा ७० बढेर साउनमा २ सय १० रुपैयाँ किलो पुगेको थियो । यसैगरी जेठ पहिलो साता प्रतिकिलो १ सय २५ मा कारोबार भएको चना ३५ रुपैयाँ बढेर १ सय ६० पुगेको संघको तथ्यांकले देखाउँछ । राज्माको मूल्य जेठ पहिलो साता प्रतिकिलो २ सय ३० रुपैयाँ तोकिएकोमा साउन पहिलो साता पुग्दा ३० रुपैयाँले बढेर २ सय ६० पुगेको थियो । भदौ पहिलो साता पुग्दा चामल, दालको मूल्य यथावत रहँदा सेतो केराउमा प्रतिकिलो २५, हरियो केराउ ७५, चना ५० र राज्मामा ६० रुपैयाँ मूल्यवृद्धि भएको थियो । यस्तै कात्तिकमा दलहनमा प्रतिकिलो ५ देखि ३० रुपैयाँसम्म मूल्य बढेको छ । कात्तिकमा मास दाल प्रतिकिलो २ सय १५ रहेकोमा फागुनमा ५ रुपैयाँ बढेर २ सय २० रुपैयाँ, मुङ खोस्टामा ५ बढेर १ सय ८० रुपैयाँ र एनपी रहर दालमा ३० बढेर ३ सय १० रुपैयाँ पुगेको तथ्यांकमा उल्लेख छ । मास दाल २ सय २० रुपैयाँबाट १ सय ९५ रुपैयाँ, मुङ खोस्टा १ सय ८० रुपैयाँमा १० रुपैयाँ बढेर १ सय ९० रुपैयाँ कायम भयो । **तेल :** वैशाख २०८१ मा खाने तेलतर्फ भुटेको तोरीको तेल प्रतिलिटर ३ सय ७०, काँचो तोरीको तेल ३ सय, भटमास तेल २ सय १० र सनूलावर तेल २ सय १० रुपैयाँ थियो । यी तेलको मूल्य मंसिर पहिलो साता आइपुग्दा भुटेको तोरीको तेलमा ३०, काँचो तोरीको तेलमा २५ र सनफ्लावर तथा भटमासको तेलमा प्रतिलिटर २५-२५ रुपैयाँले मूल्यवृद्धि भएको संघको तथ्यांकमा उल्लेख छ । यस्तै कात्तिकमा खाने तेलको मूल्य प्रतिलिटर ५ देखि २० रुपैयाँसम्म वृद्धि भएको थियो । कात्तिकमा भुटेको तोरीको तेल ३ सय ५० रहेकोमा फागुनमा ३ सय ७०, भटमासको तेल १ सय ९५ रहेकोमा २ सय ५ र सनूलावर २ सय रहेकोमा फागुनमा २ सय ५ रुपैयाँ पुगेको थियो ।

'२०८१ सालमा मूल्यवृद्धि नियन्त्रण नहुनुमा सरकारको कमजोरी देखियो,' उपभोक्ता अधिकारकर्मी तिमल्सिना भन्छन्, 'अनुगमन, नियमन कडाइ गर्नुपर्ने थियो, विशेषगरी खाने तेल, चिनी, चामल, आँटा र मैदाजन्य वस्तु आपूर्तिमा समस्या देखिएको थियो । त्यसको समाधान निकाल्नुपर्नेमा त्यो हुन सकेन । यो मूल्यवृद्धि नियोजित र कृत्रिम थियो ।'**मरमसला :** सरकारको आपूर्ति नीति कमजोर, अनुगमन नियमन कमजोर, बजारमा सरकारभन्दा अनियन्त्रित संघसंस्थाको उपस्थिति हाबी हुँदा मूल्यवृद्धि नियन्त्रणभन्दा बाहिर गएको छ यसैगरी संघले जारी गरेको तथ्यांक अनुसार धनियाँ पाउडर कात्तिकमा किलोको ३ सय ७५ रहेकामा २५ रुपैयाँ बढेर फागुनमा ४ सय रुपैयाँ कायम थियो । धनियाँ पाउडर फागुनको तुलनामा चैतमा ४ सयबाट १ सय रुपैयाँ घटेर ३ सय रुपैयाँमा आइपुग्यो ।

**केही वस्तुमा घट्यो मूल्य:** खुद्रा व्यापार संघको तथ्यांक अनुसार कात्तिकदेखि फागुनसम्म मसुर दाल, काँचो तोरीको तेल, जिरा पाउडर, चिनी लगायत खाद्यान्नको मूल्य भने केही घटेको छ । कात्तिकमा प्रतिकिलो १ सय ७० रुपैयाँ रहेको मसुर दाल फागुनमा आइपुग्दा ५ रुपैयाँ घटेर १ सय ६५ भयो । यस्तै चैतमा भने उक्त दालको मूल्य यथावत रह्यो । त्यस्तै कात्तिकमा काँचो तोरीको तेलको मूल्य ३ सय १० रुपैयाँ रहेकोमा फागुनमा १० रुपैयाँ घटेर ३ सय कायम भयो । जिरा पाउडर कात्तिकमा किलोको १ हजार २ सय रुपैयाँ रहेकामा फागुनमा आइपुग्दा ३ सय रुपैयाँ घटेर ९ सय कायम भयो । चैतमा भने जिरा पाउडरको मूल्य यथावत छ ।

संघका अनुसार कात्तिकमा चिनीको मूल्य किलोको १ सय १५ रहेकोमा १० रुपैयाँ घटेर फागुनमा १ सय ५ कायम भयो । चैतमा पनि चिनीको मूल्य यथावत रह्यो । **मूल्यवृद्धि नियोजित र कृत्रिम :** उपभोक्ता अधिकारकर्मी उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिना २०८१ सालमा मूल्यवृद्धिका कारण उपपभोक्ताले धेरै सास्ती खेपेको बताउँछन् । उनका अनुसार गएको वर्ष मूल्यवृद्धिका हिसाबले चामल, तेल, दाल, चिनी, आँटा, मैदा लगायत दैनिक उपभोग्य वस्तुमा अत्यधिक मात्रामा मूल्यवृद्धि खेप्नुपर्‍यो । सरकारको आपूर्ति नीति कमजोर, अनुगमन नियमन कमजोर, बजारमा सरकारभन्दा अनियन्त्रित संघसंस्थाको उपस्थिति हाबी हुँदा मूल्यवृद्धि नियन्त्रणभन्दा बाहिर गएको उनी बताउँछन् । 'सरकारले हाम्रो बजार माग के हो, आपूर्ति कति हो र उत्पादन कति हुन्छ भन्ने समयमै आक्लन गर्नुपर्छ,' उनी भन्छन्, 'आयात गर्नुपर्ने चिनी, गहुँ लगायत वस्तुको आधिकारिक तथ्यांक लिएर सरकारी संस्थानबाट समयमै आयात गराएर त्यसलाई बजार हस्तक्षेप गर्नका निमित्त सरकार दरिलो हुनुपर्छ ।'

*-अनलाइन खबर डटकम*

# 'रुख रोपौं, वातावरण संरक्षण गरौं' विषयक गोष्ठी तानसेनमा



**भरत शर्मा**

**पाल्पा,** वैशाख ६/'रुख रोपौं वातावरण संरक्षण गरौं' विषयक एक दिने गोष्ठी तानसेनमा भएको छ । तानसेन नगरपालिका -२ वडा कार्यालयको आयोजना र प्रजातान्त्रिक विचार समाजको समन्वयमा गोष्ठी भएको हो ।

कार्यक्रममा सहभागीहरुले वातावरण संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरुले वातावरण प्रदूषणले पृथ्वीको तापक्रम बढ्न गई जलवायु परिवर्तन हुँदा हिउँ पग्लिने, हिमताल फुट्ने, बाढी, पहिरो जाने, बस्ती डुबानमा पर्नेजस्ता समस्या सिर्जना भएको भन्दै वातावरण संरक्षण गर्नु पर्नेमा चिन्ता व्यक्त गरेका हुन् । उनीहरुले जलवायु परिवर्तनले जैविक विविधतामा ह्रास, कृषि प्रणाली र बालीनालीमा विशृङ्खलता, नयाँ रोगव्याधिको उत्पत्ति, वर्षा र तापक्रममा गडबडी तथा प्राकृतिक विपद्बाट जनधनको क्षतिजस्ता गम्भीर र नकारात्मक असर एवं प्रभाव बढेकाले आ-आफ्नो ठाँउबाट वातावरण जोगाउनेतर्फ लाग्नुपर्ने बताएका छन् । गोष्ठीमा जिल्लाका जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, पत्रकार लगायतले समग्र विश्व नै ठूलो वातावरणीय संकटबाट गुज्रिरहेको बताउँदै यसको समाधानका लागि पर्याप्त मात्रमा रुख रोप्ने र त्यसको संरक्षणमा ध्यान दिई वातावरणलाई स्वच्छ र सफा बनाउनुपर्नेमा जोड दिए । कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले मानविय लापरवाहीका कारण नै वातावरण प्रदूषण हुनुको साथै जलवायु परिवर्तनको असर देखिएकाले त्यसलाई रोक्नको लागि मानिस नै सचेत हुनुपर्ने बताए । उनले भने "वस्ती विस्तार गर्ने होडमा जथाभावी रुख काट्ने र जङ्गलमा डढेलो लगाउने गर्दा वातावरण नै संकटमा परेको छ । त्यसलाई समाधान गर्न हामी आ-आफ्नो ठाउँबाट वातावरण संरक्षणमा जुटौं ।" मेयर श्रेष्ठले कानुनी जटिलताका कारण विकास निर्माणका काम वन क्षेत्रबाट अवरोध भएकाले समयानुकुल सुधार गर्नुपर्ने समेत बताए । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले रुख विना वातावरण संरक्षण हुन नसक्ने भन्दै रुख रोप्ने अभियानमा लाग्नुपर्नेमा जोड दिए । नेकपा एमालेका नेता धनेन्द्रराज घिमिरेले वातावरण संरक्षणका लागि वहसका रुपमा अगाडि बढाउन आवश्यक रहेको औंल्याए । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जिल्लाको निस्दीमा अम्रिसो खेती, माथागढी र तिनाउमा तेजपत्ता विस्तारले किसानको आयआर्जनमा टेवा पुगेको बताउँदै रुख रोपेर गर्व गर्नु भन्दा रोपेका रुखलाई संरक्षण गर्दै हुर्काउन आवश्यक रहेकोमा जोड दिए । गोष्ठीमा समाजका अध्यक्ष प्रा.डा.रामजी प्रसाद पौड्यालले कार्यपत्र प्रस्तुत गर्दै बोट, विरुवा र मानव लगायत अन्य जिवजन्तुको सम्बन्ध वातावरणले पुऱ्याउने असर, रुखले पानी र स्वास्थमा दिएको योगदान, मौसममा स्थिकरण, विषालु वायु, बोटविरुवाबाट जिवजन्तुको आधार लगायत विश्वव्यापी असरका बारे चर्चा गरेका थिए । डिभिजन वन कार्यलयका वरिष्ठ वन अधिकृत विष्णु कार्की, वडा अध्यक्ष महेश्वर श्रेष्ठ, वि.पि. चिन्तन प्रतिष्ठानका अध्यक्ष माधव नेपाल, टोल विकास संस्थाकी अध्यक्ष सरस्वती शर्मा लगायतले रुख रोपेर वातावरण संरक्षणमा लाग्नुपर्नेमा जोड दिए । समाजले वातावरण संरक्षण गर्ने उद्देश्यले जिल्लाका ८१ वडामा रुखको महत्व लेखिएको ब्यानर वितरण गर्नेभएको छ । समाजका अध्यक्ष प्रा.डा रामजी प्रसाद पौड्यालको अध्यक्षता, उपाध्यक्ष राधेश्याम ज्ञवालीको स्वागत र सचिव श्रीधर नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# पञ्जाबले बेङ्गलुरलाई ५ विकेटले हरायो



**काठमाडौं, वैशाख** ६/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा पन्जाब किङ्स्सले रोयल च्यालेन्जर्स बेङ्गलुर (आरसीबी) लाई ५ विकेटले हराएको छ । गएराति भएको खेलमा जीतका लागि ९६ रनको सामान्य लक्ष्य पछ्याएको पन्जाबले १२ ओभर एक बलमा ५ विकेट गुमाउँदै भेट्टायो । बेङ्गलुर लाई उसैको घरेलु मैदान बेङ्गलुरुमा हराएको पञ्जाबको यो पाँचौं जीत हो । पञ्जाबका नेहाल वाडेराले अविजित ३३ रन बनाए । बेङ्गलुरुका जोश हेजलउडले तीन तथा भुवनेश्वर कुमारले दुई विकेट लिए । वर्षाले प्रभावित खेल ढिला शुरू भएको थियो । २० ओभरको खेललाई १४ ओभरमा घटाइएको थियो । टस हारेर पहिला ब्याटिङ गरेको बेङ्गलुर ले निर्धारित १४ ओभरमा ९ विकेट गुमाउँदै ९५ रन बनाएको थियो । उसले ७ विकेट गुमाउँदा ४२ रन मात्र बनाएको थियो । उसका टिम डेविटले अविजित अर्धशतक बनाए । पञ्जाबका अर्शदीप सिंह, मार्को जानसेन, युजभेन्द्र चाहाल र हरप्रीत ब्रारले समान दुई विकेट लिए । पञ्जाबको ७ खेलमा १० अङ्क भएको छ । पञ्जाब तालिकाको दोस्रो स्थानमा छ । समान ७ खेलमा ८ अङ्कसहित बेङ्गलुरु तालिकाको चौथो स्थानमा छ । आईपीएल क्रिकेटमा आज दुई वटा खेल हुँदैछन् ।

## अर्थ/कर्पोरेट समाचार

# किसानलाई मौरीसहित सामग्री वितरण



**अर्घाखाँची,** वैशाख ६/अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१ र २ ढाकावाङका मौरीपालक किसानलाई मौरीसहित आवश्यक सामग्री वितरण गरिएको छ । प्रगति किसान सहकारी संस्थामार्फत मौरीपालक किसानको लागत घटाउँदै बढी मुनाफा लिनसक्ने र आर्थिक अभिवृद्धि गर्ने उद्देश्यले ती सामग्री वितरण गरिएको हो ।

यहाँ आयोजित एक कार्यक्रमकाबीच भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापा, उपप्रमुख बालाकृष्ण बञ्जाडे, प्रमुख प्रशासकीय अधिकृत जग्दिशचन्द्र नेपाली र सहकारीका अध्यक्ष भुवानन्द भुसालले किसानलाई मौरीसहित आवश्यक सामग्री वितरण गरेका हुन् । नगरप्रमुख थापाले आधुनिक मौरीपालनमार्फत महको उत्पादन बढाउन र मौरी संरक्षण गर्न किसानलाई आग्रह गर्दै व्यावसायिक रूपमा मौरीपालन गर्दै आएका किसानलाई प्रोत्साहन गरी आर्थिक विकासमा सहयोग पुगोस् भनेर सीमित स्रोतका बावजुद नगरपालिकाले ५० प्रतिशत अनुदानमा मौरीसहित आवश्यक सामग्री वितरण गरेको बताए । नगरउपप्रमुख बञ्जाडे, प्रमुख प्रशासकीय अधिकृत नेपाली, योजना शाखा प्रमुख हरिश्चन्द्र भुसाललगायतले मौरीपालन पेसा सहजै जस्तो भए पनि किसानले चरनको समस्या झेल्ने गरेका बताए । मौरी चरनका लागि विभिन्न समस्या झेल्नुपर्ने अवस्था रहेको बताउँदै यसको समाधानका लागि बालीमा कडाखालका विषादी प्रयोग घटाउनुपर्नेमा उनीहरूले जोड दिए । सहकारीमा आबद्ध एक सय किसानलाई भूमिकास्थान नगरपालिकाको ५० प्रतिशत अनुदानमा ७९ वटा मौरीसहितको घार, ४० वटा सुपरसहित माहुरी घार, चार सय २५ थान मह प्याक गर्ने प्लास्टिक बट्टा, ३८ थान जाली टोपी घुम्टी, ५० जोर पञ्जा, ४८ थान फिडर, तीन सय थान लेवलिङ छपाइ, स्ट्याण्डलगायत सामग्री वितरण गरिएको सहकारीका अध्यक्ष भुसालले जानकारी दिए । उनका अनुसार ती सामग्री वितरणपूर्व किसानलाई दुई दिने तालिमसमेत दिइएको थियो । अनुदानमा मौरीसहित सामग्री पाएसँगै किसान उत्साहित हुँदै खुसी व्यक्त गरेका छन् । मौरीपालन व्यवसायलाई थप प्रवर्द्धन गर्न नगरपालिकाको सहयोगले टेवा पुग्ने किसानको भनाइ छ । कार्यक्रममा भूमिकास्थान-२ का वडाध्यक्ष बुद्धिबहादुर थापा, वडा नं १ का वडाध्यक्ष गोपालप्रसाद खनाल, वडा नं ८ का वडाध्यक्ष राजकुमार श्रेष्ठलगायत जनप्रतिनिधि, कर्मचारी र किसानको उपस्थिति थियो । *-रासस*

# तम्घासमा दोस्रो गुल्मी महोत्सव

**गुल्मी,** वैशाख ६/दोस्रो गुल्मी महोत्सव सदरमुकाम तम्घासस्थित नुनथलामा शुक्रबारदेखि सुरु भएको छ । गुल्मी चेम्बर अफ कमर्शको आयोजनामा गुल्मी जिल्लाको समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र व्यापार' भन्ने नाराका साथ महोत्सव सञ्चालन भएको हो ।




यस जिल्लाका विभिन्न कला, संस्कृतिको संरक्षण गर्दै स्थानीय उत्पादनको प्रवर्धन तथा बजारीकरणसँगै पर्यटन प्रवर्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको गुल्मी चेम्बर अफ कमर्सले जनाएको छ । महोत्सवमा विभिन्न संस्कृति र झाँकीसहित जिल्लाका स्थानीय खानालाई समेत प्रचार प्रसार गरिएको छ । स्थानीयदेखि राष्ट्रिय कलाकारसम्मको दिनहुँ प्रस्तुति रहेको छ । मेलामा कृषि प्रदर्शनी, व्यापरिक समान, मनोरञ्जनात्मक खेल र सांस्कृतिक प्रस्तुति राखिएको छ । महोत्सवमा तीन सय स्टल स्थल रहेका छन् । जसमा स्थानीय फेन्सी व्यवसायीलाई पाँच वटा स्टल निःशुल्क र २० वटा स्टलहरू स्थानीय व्यवसायीलाई प्रोत्साहनका लागि ३० प्रतिशत शहुलियत छुटमा दिइएको छ । महोत्सवमा ३० करोड रुपैयाँको आर्थिक कारोबार र साढे १ लाख दर्शकले अवलोकन गर्ने अपेक्षा रहेको संस्थाका अध्यक्ष दुर्गाप्रसाद पाण्डेले बताए । महोत्सवमा टिकट शुल्क अन्तर्गत विद्यार्थीलाई ५० रुपैयाँ र अन्य व्यक्तिलाई १ सय रुपैयाँ निर्धारण गरिएको छ । ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, ५ वर्षभन्दा कम उमेरका बालबालिका र अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क प्रवेश दिइएको छ । महोत्सव वैशाख १७ गतेसम्म सञ्चालन हुनेछ । जय माता दि एम्युजमेन्ट एन्ड इभेन्ट म्यानेजमेन्ट प्रालिको व्यवस्थापनमा महोत्सव भएको हो ।

# हार्दिक समवेदना



जन्म
वि.सं. २०२७/०७/१८

स्व.शिव आत्रेय

मृत्यु
वि.सं. २०८२/०१/०३

नेपाल बार एशोसिएशन जिल्ला अदालत पाल्पा बार एकाईका पूर्व सचिव अधिवक्ता **विमला ज्ञवाली** आत्रेयका पति शिव आत्रेयको यही मिति २०८२ वैशाख ३ गते भएको असामयिक दुःखद निधनले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दुःखद् घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** साथै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनि भगवानसँग पार्थना गर्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

बिनोद कार्की
अध्यक्ष
एवं
**नेपाल बार एशोसिएशन जिल्ला अदालत बार एकाइ तानसेन, पाल्पा परिवार**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई